कपुरकोट गाउँपालिका
कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित
स्थानीय राजपत्र
भाग : ३ संख्याः ४ मितिः २०८०/१०/०७


# कपुरकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८०/१०/०७
प्रमाणिकरण मितिः २०८०/१०/०७

**प्रस्तावना :**
कपुरकोट गाउँपालिकाले नागरिकहरुलाई सर्वसुलभ र गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेवारीलाई आत्मसात गरि स्वास्थ्य सेवाको स्तरवृद्धि, उन्नति, विस्तार र स्वास्थ्य सेवा संचालन प्रक्रियालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाई कपुरकोट गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य सेवा संचालन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ उपधारा (१), स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र कपुरकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धी ऐन २०७५ को समेतका आधारमा कपुरकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०, कपुरकोट गाउँकार्यपालिकाको मिति २०८०/१०/०७ गतेको बैठकबाट स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**
क. यस कार्यविधिको नामः "कपुरकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" हुनेछ ।
ख. यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरि राजपत्रमा प्रकाशन मितिबाट लागु हुनेछ ।
२. **परिभाषा**ः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क) **"कपुरकोट आधारभूत अस्पताल"** भन्नाले धनबाङ स्वास्थ्य चौकीको स्तरोन्नति गरी कपुरकोट गाउँकार्यपालिकाद्वारा अनुमति प्रदान गरिएको कपुरकोट आधारभूत अस्पताल सम्झनु पर्छ ।
(ख) **"स्थानीय तह"** भन्नाले कपुरकोट गाउँपालिका सम्झनु पर्छ ।

(ग) **"समिति"** भन्नाले कार्यविधिको दफा ६ बमोजिम गठन गरिएको अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(घ) **"कार्यविधि"** भन्नाले कपुरकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० सम्झनु पर्छ ।

(ङ) **"कार्यपालिका"** भन्नाले कपुरकोट गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

(च) **"गाउँसभा"** भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिम गठित कपुरकोट गाउँसभालाई सम्झनुपर्दछ ।

(छ) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ज) **"अध्यक्ष"** भन्नाले कपुरकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

(झ) **"सदस्य"** भन्नाले कपुरकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका पदेन सदस्य तथा मनोनित सदस्य सम्झनु पर्छ ।

(ञ) **"सदस्य सचिव"** भन्नाले कपुरकोट आधारभूत अस्पतालको आर्थिक तथा प्रशासनिक कामकाज गर्नका लागि तोकिएको मेडिकल सुपरीटेन्डेन्ट वा मेडिकल अधिकृत वा अन्य अधिकृत स्तरको कर्मचारी वा अस्पताल व्यवस्थापकलाई सम्झनु पर्छ ।

(ट) **"विशेषज्ञ सेवा"** भन्नाले कपुरकोट आधारभूत अस्पतालअर्न्तगत विभिन्न समयमा विशेषज्ञ डाक्टरबाट दिईने सेवा सम्झनु पर्छ ।

३. कपुरकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको छाप : समितिको छाप अनुसुची -१ बमोजिम हुनेछ ।

४. कपुरकोट आधारभूत **अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको कार्यालय :** आधारभूत अस्पताल कपुरकोट गाउँपालिका वडा नं. ३, मा अवस्थित आधारभूत अस्पतालको भवनमा रहनेछ ।

## परिच्छेद-२
## अस्पताल संचालनका उद्देश्यहरु

**५. अस्पताल संचालनका उद्देश्यहरु :** अस्पताल संचालनका उद्देश्यहरु देहाय बमोजिम रहनेछन्,

(क) गुणस्तरिय तथा सर्वसुलभ स्वास्थ्य सेवामा सबै नागरिकलाई समान पहुँच प्रदान गर्ने ।

(ख) नागरिकलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने ।

(ग) समता तथा समानता, जवाफदेहिता, जनसहभागिता जस्ता प्राथमिक स्वास्थ्य सेवाहरु प्रदान गर्ने ।

(घ) नागरिकहरुलाई आधुनिक प्रयोगशाला र फार्मेसी सहितको चिकित्सकिय सेवा प्रदान गर्ने ।

(ङ) आकस्मिक सेवा, विशेषज्ञ सेवा तथा स्वास्थ्य बिमाजस्ता कार्यक्रमहरुलाई दिगो एवं प्रभावकारी रुपमा संचालन गर्ने ।

## परिच्छेद-३
## अस्पताल सञ्चालन तथा व्यवस्थापन

**६.अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको गठन सम्बन्धी व्यवस्था :**

१) कपुरकोट आधारभुत अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति देहाय बमोजमको हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष- - अध्यक्ष

(ख) गाँउपालिका उपाध्यक्ष - उपाध्यक्ष

(ग)गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(घ)स्वास्थ्य शाखा प्रमुख -सदस्य

(ङ)अस्पताल प्रमुख वा मेसू -सदस्य

(च)सवै वडाअध्यक्षहरु -सदस्य

(छ) यस पालिकाका ६ वटा वडाबाट प्रतिनिधित्व हुने गरि समाजसेवी, बुद्धिजिवी, कानुन विज्ञ तथा चिकित्सा क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट गाउँकार्यपालिकाले तोकेका तिन जना महिला सहित बढीमा आठजना - सदस्य

(ज) अस्पताल प्रशासन प्रमुख- सदस्य सचिव

**७. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था :**

(१) समितिको बैठक सामान्यतया महिनाको एक पटक बस्नेछ । तर आवश्यकताअनुसार जुनसुकै बखत पनि बैठक बस्न सक्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा अगाडि सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको कार्यसूची सबै सदस्यहरुलाई जानकारी दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको कम्तिमा २५ प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा अध्यक्षको लिखित आदेश अनुसार उपाध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. समितिको काम, कर्तव्य तथा अधिकारहरु :** (१) कपुरकोट गाउँपालिका आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक योजना तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने ।

(ख) अस्पतालको लागि आवश्यक स्रोत तथा साधनको व्यवस्थापन गर्ने ।

(ग) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने ।

(ङ) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने ।

(च) आर्थिक रुपमा असहाय, असक्त तथा विपन्न मानिने बिरामीको उपचार सम्बन्धी मापदण्ड तयार गर्ने ।

(छ) आर्थिक रुपमा असहाय, असक्त तथा बिपन्न मानिने बिरामीको लागि निःशुल्क उपचारको व्यवस्था गर्ने ।

(ज) मानव स्रोत साधन व्यवस्थापनपय योजना र स्रोतको व्यवस्थापन गरी जनशक्ति व्यवस्थापनका लागि गाँउपालिकालाई सिफारिस गर्ने ।

(झ) अस्पतालको कोषबाट खर्च बेहोरिने कर्मचारी र अस्पताल व्यवस्थापनको काम गर्ने ।

(ञ) अस्पताल क्षेत्र अनुगमन योजना बनाई अनुगमन तथा पृष्ठपोषण गर्ने ।

(ट) अन्य आवश्यक समन्वय, नियमन र निर्देशनको कामहरु गर्ने ।

(ठ) गाँउपालिकाले समय समयमा दिने निर्देशनहरु पालना गर्ने ।

९. **अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

कपुरकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधिको पूर्ण कार्यान्वयनका लागि आवश्यक निर्देशन दिई समितिको अध्यक्षको हैसियतले कार्य गर्ने गराउने ।

(ख) बैठक, सभा तथा विभिन्न कार्यक्रमहरुको अध्यक्षता गर्ने ।

(ग) अस्पताल संचालन तथा व्यवस्थापन सम्बन्धीका विषयहरुमा समन्वय गर्ने ।

(घ) अस्पताल संचालनका लागि नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

(ङ) अस्पताल संचालनका लागि आवश्यक स्रोतको परिचालन तथा व्यवस्थापन गर्ने ।

(च) अन्य व्यवस्थापन समितिले तोकेका कार्यहरु गर्ने ।

(२) **उपाध्यक्षको काम, कर्तव्य र अधिकार** :

(क) अध्यक्षको अनुपस्थीतिमा कार्यवाहक अध्यक्षको हैसियतले निजले गर्ने कामहरु सम्पादन गर्ने ।

(ख) समिति र अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

(३) **सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(क) अस्पताल विकास समितिका निर्णयहरु कार्यान्वयन गर्ने ।

(ख) अस्पताल संचालन तथा व्यवस्थापन समिति अध्यक्ष र समितिले तोकेका कार्य गर्ने ।

(ग) नियमित बैठकमा उपस्थित भई सक्रिय सहभागीता जनाउने ।

(४) **अस्पतालको प्रमुख वा मेसुको काम, कर्तव्य र अधिकार :**

क) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठकका निर्णय तथा अन्य क्रियाकलाप वा गतिविधिहरुको समेत अभिलेख राख्ने तथा कार्यान्वयन गर्ने गराउने ।

(ख) दैनिक प्रशासनिक र आर्थिक क्रियाकलाप सञ्चालन गर्न लगाउने तथा नियमन र नियन्त्तण गर्ने ।

(ग) अस्पतालको गुणस्तर व्यबस्थापन गर्ने तथा सेवा प्रवाह संचालन गर्ने गराउने ।

(घ) अध्यक्ष र समितिले दिएको निर्देशन बमोजिम अन्य कार्य गर्ने ।

(५) **सदस्य-सचिवका काम, कर्तव्य र अधिकार :**

(क) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठकका निर्णय तथा अन्य क्रियाकलाप वा गतिविधिहरुको अस्पताल प्रमुखको निर्देशनमा ेत अभिलेख राख्ने तथा कार्यान्वयन गर्ने गराउने ।

(ख) दैनिक प्रशासनिक र आर्थिक क्रियाकलाप सञ्चालन गर्ने ।

(ग) आर्थिक स्रेताहरु राख्ने तथा दैनिक कार्यजिम्मेवारीहरु अस्पताल प्रमुखको निर्देशनमा बाँडफाँड र संचालन गर्ने ।

(घ) अस्पताल प्रमुख,अध्यक्ष र समितिले दिएको निर्देशन बमोजिम अन्य तोकिएका कार्यहरु गर्ने ।

**१०. अस्पताल संचालन तथा व्यबस्थापन समितिको पदावधी :**

(१) **अस्पताल संचालन तथा व्यबस्थापन समितिको** पदावधि पाँच वर्ष हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति अध्यक्ष वा सदस्यहरुको पदावधि स्थानिय तहको निर्वाचनबाट नयाँ अध्यक्ष,उपाध्यक्ष र वडाअध्यक्षहरु नयाँ नियुक्ती भएलगतै समिति पुनर्गठन गर्नुपर्नेछ ।

(३) अस्पताल प्रमुख सहित सम्पुर्ण कर्मचारीहरुको नियुक्ति, पदस्थापना र कारबाहीको सम्पूर्ण अधिकार प्रचलित कानुनबमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

११. **पद रिक्तता :** यस कार्यविधि बमोजिम गठित अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको पद देहायको अवस्थामा रिक्त हुनेछ ।

(क) मृत्यू भएमा ।
(ख) राजिनामा दिएमा ।
(ग) नैतिक पतन हुने कुनै कार्य गरेको ठहर गरेमा ।
घ) प्रचलित कानुन बमोजिम अयोग्य ठहरिएमा ।
(ङ) अस्पतालको हित विपरित हुने कुनै कार्य गरेमा ।
(च) कुनै कारणवस अध्यक्षले पदमुक्त गरेमा ।
(छ) फौजदारी अभियोग लागि प्रमाणित भएमा ।
(ज) अस्पताल प्रमुख र सदस्य-सचिवको हकमा समितिको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले पदमुक्त गरेमा वा फेरबदल गरेमा ।
(झ) पदावधि समाप्त भएमा ।

## परिच्छेद-४

## जनशक्ति व्यवस्थापन तथा दरबन्दी संरचना

**१२. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारी तथा कर्मचारीहरुको सुविधा सम्बन्धी व्यवस्था :**

(१) अस्पतालको दैनिक स्वास्थ्य सेवा तथा प्रशासनिक कामकाज संचालन तथा व्यवस्थापन गर्न गराउनका लागि आवश्यकता अनुसार गाउँपालिकाले जनशक्तिको व्यवस्थापन गर्नुपर्नेछ ।

(२) अस्पतालको आवश्यकता अनुसार गाउँपालिकामा कार्यरत जुनसुकै स्थायी वा करार कर्मचारीलाई पनि कपुरकोट गाउँपालिकाले आधारभूत अस्पतालको कामकाजमा खटाउन सकनेछ ।

(३) अस्पतालका प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको पदीय जिम्मेवारी, मर्यादाक्रम, तलबमान, दैनिक भम्रण भत्ता, नाईट भत्ता, जोखिम भत्ता लगायतका अन्य सेवा-सुविधा र शर्तहरु नियमानुसार अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

(४) गाँउपालिकाले उपलब्ध गराउने जनशक्ति बाहेक अस्पतालको आन्तरिक स्रोतबाट बेहोर्ने गरी आवश्यकताको आधारमा थप जनशक्ति व्यवस्थापन गर्न सकिनेछ । त्यसरी कर्मचारी पदपूर्ति गर्दा व्यवस्थापन समितिको सिफारिसमा गाँउपालिकाले प्रचलित कानुनअनुसार छनौट गरी सिफारिस गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिमको तलबभत्ता बैंकिङ्ग खातामार्फत निकासा हुनेछ ।

(६) उपदफा (२) बमोजिम स्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरुको तलबभत्ता स्थानीय सरकारको नियमानुसार कपुरकोट गाउँपालिकाको कार्यालयबाट भुक्तानी हुनेछ ।तर कार्यचाप र आबश्यकताको आधारमा आन्तरीक स्रोतबाट तलवभत्ता बेहोर्ने गरी व्यबस्थापन समितिको निर्णय अनुसार करार सेवामा अस्पतालले गाउँपालिकाको स्वीकृती लिएर कर्मचारी भर्ना गर्न बाधा पर्नेछैन ।

(७) अस्पतालमा कार्यरत कर्मचारीहरुको बिदा, काज, अन्य प्रोत्साहन लगायतका विषयहरु गाँउपालिकाको  नियमाअनुसार हुनेछ ।

(८) अस्पतालमा कार्यरत कर्मचारीहरुले आन्तरिक स्रोतको उपलब्धताको आधारमा प्रोत्साहन भत्ता, जोखिम भत्ता र खाजा खर्च लगायतका सुविधाहरु समितिले तोकेबमोजिम हुनेछ ।

(९) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई आवश्यकताअनुसार बैठक भत्ता,  इन्धन तथा संचार लगायतका सुविधाहरु समेत उपलब्ध गराउन सकिनेछ ।

(१०) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार कर्मचारी पदाधिकारीहरुलाई स्रोतको अवस्था हेरी आवश्यकता बमोजिम अन्य सुविधा उपलब्ध गराउन सकिनेछ ।

**१३. दरबन्दी संरचना सम्बन्धी व्यवस्था :** (१) कपुरकोट आधारभूत अस्पतालको दरबन्दी देहाय बमोजिम रहनेछ ।

| क्र.सं. | पद | श्रेणी/तह | |
|---|---|---|---|
| १. | मेडिकल अधिकृत ,२ जना | आठौं तह | |
| २ | प्रशासन प्रमुख, १ जना | अधिकृत तह छैठौ/सातौं/आठौं प्रशासन वा स्वास्थ्य सेवा | |
| ३. | हेल्थ असिष्टेन्ट, ज.स्वा.नि , ३ जना. | पाँचौ, छैठौं/सातौं तह | |
| ४ | अ.हे.व., सि.अ.हे.व.५ जना | चौथो, पाँचौ तह | |

| | | | |
|---|---|---|---|
| ५ | स्टाफ नर्स ३ जना | पाँचौ, छैठौ तह | |
| ६ | अ.न.मी, सि.अ.न.मी. ५ जना | चौथो, पाँचौ तह | |
| ७. | फार्मेसीस्ट २ जना | चौथो, पाँचौ तह | |
| ८. | रेडियोग्राफर २ जना | चौथो, पाँचौ तह | |
| ९. | ल्याब टेक्नीसियन १ जना | पाँचौ तह | |
| १०. | ल्याब असिष्टेन्ट १ जना | चौथो तह | |
| ११ | कम्प्युटर अपरेटर १ जना | चौथो/पाँचौ तह | |
| १२ | लेखापाल १ जना | चौथो/पाँचौ तह प्रशासन | |
| १३ | रिसेप्नीष्ट १ जना | चौथो तह/प्रशासन | |
| १४. | एम्बुलेन्स चालक १ जना | श्रेणी बिहिन | |
| १५ | कार्यालय सहयोगी | श्रेणी बिहिन | |
| १६ | चौकिदार | श्रेणी बिहिन | |
| १७ | कूचिकार/स्वीपर | श्रेणी बिहिन | |

(२) उपदफा (१) बमोजिमको दरबन्दी संरचनाको अनुसार अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यकताको आधारमा कर्मचारीको नियुक्ति गर्न सक्नेछ र दरबन्दी संरचनाभन्दा बढी कर्मचारी आवश्यक भएमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयका आधारमा गाँउपालिकालाई अनुरोध गरी दरवन्दी तेरिज संशोधन गर्न सकिनेछ।

(३) कपुरकोट गाउँपालिका कार्यालय र साबिक धनबाङ स्वास्थ्य चौकीमा स्थायी, करार तथा दैनिक ज्यालादारीमा कार्यरत प्राविधिक तथा श्रेणी बिहिन सेवाका कर्मचारीहरुलाई कपुरकोट गाउँपालिका अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यकता अनुसार कामकाजमा लगाई समायोजन गर्न सक्नेछ।

(४) उपदफा (१) मा उल्लेखित दरबन्दी संरचनाको आधारमा अस्पतालका कर्मचारीहरुले गर्ने सेवाहरुको देहाय बमोजिम वर्गीकरण गरिनेछ।

(क) जनस्वास्थ्य सेवा,

(ख) प्रशासनिक सेवा,

(ग) चिकित्सकिय सेवा

**१४. अस्पतालको संरचनागत विभाजन :**

अस्पतालको कामलाई व्यवस्थित गर्न तपशिलका संरचनाहरु रहनेछन्:

(क) आकस्मिक इकाई
(ख) बहिरंग सेवा इकाई
(ग) सरसफाई इकाई
(घ) प्रशासन तथा लेखा इकाई
(ङ) फिल्ड वर्क (स्वास्थ्य चौकी) इकाई
(च) फार्मेसी इकाई
(छ) प्रयोगशाला इकाई
(ज)स्वास्थ्य बीमा इकाई

**१५. प्रशासनिक सेवातर्फका कर्मचारीको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः**
प्रशासनिक सेवातर्फका कर्मचारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) **अस्पताल प्रशासन प्रमुख :** व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कर्मचारीहरुलाई काममा दैनिक रुपमा खटाउने, आएगएको हाजिर गर्ने/गराउने, अभिलेख राख्ने, अतिरिक्त समय कामकाज गराउने ।

(ख) स्टोर शाखाको कामकाज गर्ने/गराउने ।

(ग) अस्पतालको सम्पूर्ण चलअचल सम्पतिको रेखदेख गर्ने ।

(घ) अस्पताल संचालन तथा सेवा सम्बन्धी समितिको बैठकमा रिपोर्टिङ गर्ने ।

(ङ) लेखापाल नियुक्त नहुँदासम्म अस्पतालको आर्थिक तथा प्रशासनसम्बन्धी सम्पूर्ण कामकाज गर्ने ।

(च) अस्पतालको सेवा प्रवाह सम्बन्धी अर्धवार्षिक तथा वार्षिक रुपमा प्रतिवेदन तयार गरी अस्पताल विकास समितिको बैठकमा जानकारी गराउने ।

(छ) अस्पताल विकास समितिले तोके बमोजिमका कामकाजहरु गर्ने/गराउने ।

(२) **लेखापाल :**

(ख) आर्थिक कारोवारको दूरुस्त अभिलेख राख्ने र बैंक कारोवार संचालन गर्ने तथा हिसावमिलान तथा लेखापरिक्षण गर्ने गराउने ।

(ग) अस्पतालको सम्पूर्ण चलअचल सम्पतिको रेखदेख गर्ने ।

(घ) समिति र समितिले तोकेका पदाधिकारीको निर्देशनमा अन्य कामहरु गर्ने ।

(३) **रिसेप्नीष्ट** : रिसेप्नीष्टको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सेवाग्राहीहरुलाई अस्पतालबाट प्रदान गरिने सेवाहरुको जानकारी गराउने ।

(ख) सेवाग्राहीहरुको नामदर्ता गर्ने ।

(ग) सम्बन्धित फाँटले तोकेको जिम्मेवारी पूरा गर्ने ।

(घ) अन्य तोकिएका कामहरु गर्ने ।

(४) **श्रेणी बिहिन कर्मचारी** : (क) अस्पतालका श्रेणी बिहिन कर्मचारीहरुले अस्पताल प्रशासनले तोके बमोजिमको कामकाज गर्नु पर्नेछ ।

**१६. मेडिकल अधिकृतको सुविधा सम्बन्धी विशेष व्यवस्था :** (१) अस्पतालको मेडिकल अधिकृत(डाक्टर) लाई स्थानीय सरकारको तलबमानअनुसार अधिकृतस्तर ( आठौं) तहको कर्मचारीले पाउने सेवा सुविधा सरह तलबभत्ता उपलब्ध गराईनेछ ।

(२) अस्पतालको मेडिकल अधिकृतले खुद पाउने तलब स्केलमा ६० प्रतिशत बराबरको थप प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ ।

(३) मेडिकल अधिकृतले दिने सेवाहरु जस्तैः भिडियो एक्सरे, ईसिजि, सामान्य शल्यक्रिया, विषादी सेवन लगायतका स्वास्थ्य सेवा कार्य गरे वापत समितिले तोकेको प्रतिशतको आधारमा थप प्रोत्साहन उपलब्ध गराउन सकिनेछ ।
(४) उल्लेखित सुविधाहरुबाहेक अस्पतालको नियमित सेवा बाहेक फिल्डको काम गरेमा थप दैनिक भ्रमण भत्ता, इन्धन, संचार, आवास र खाना वापतको सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन ।

## परिच्छेद-५
## स्वास्थ्य सेवा संचालन सम्बन्धी व्यवस्था

**१७. स्वास्थ्य सेवा संचालन :** (१) कपुरकोट आधारभूत अस्पतालले आफ्नो उद्देश्य र क्षमताअनुसार देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा संचालन गर्न सकिनेछ :

(क) आकस्मिक सेवा,
(ख) बहिरंग सेवा,
(ग) अन्तरंग सेवा,
(घ) निदानात्मक सेवा (प्रयोगशाला),
(ङ) शल्यक्रिया सेवा,
(च) विशेषज्ञ सेवा,
(छ) चिकित्सकीय सेवा,
(ज) फार्मेसी सेवा,
(झ) रक्त सञ्चार सेवा,
(ञ) फिजियोथेरापी सेवा,
(ट) स्वास्थ्य बिमा सेवा,
(ठ) सुरक्षित गर्भपतन सेवा,
(ड) जनस्वास्थ्य सेवा,
(ढ) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन,
(ण) एम्बुलेन्स सेवा ।

(२) उपदफा (१) बमोजिमबाहेक अस्पतालबाट अन्य स्वास्थ्य सेवाहरु संचालन गर्नु परेमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।
(३) कपुरकोट आधारभूत अस्पतालले नागरिकहरुलाई प्रदान गरिने स्वास्थ्य सेवाहरुलाई थप प्रभावकारी बनाउनका लागि विशेषज्ञ सेवा संचालन गर्न सकिनेछ ।
(४) विशेषज्ञ सेवा संचालन गरे वापतको सेवा सुविधा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-६
## अनुशासन तथा पुरस्कारको व्यवस्था

**१८. सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारी र कर्मचारीहरु अनुशासनमा रहनु पर्ने**

(१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारी तथा कर्मचारीहरुले संस्थाको हितविपरित कुनै कार्य गरेमा वा गर्ने मनसाय देखाएमा अनुशासनको कार्बाही हुनेछ ।

(२) विकास समितिका पदाधिकारी तथा सदस्यहरु तोकिएको समयमा अनिवार्य बैठकमा उपस्थिति भई निर्णय प्रक्रियामा सहभागी हुनु पर्नेछ ।

(३) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा कुनै पदाधिकारी तथा सदस्य लगातार तीन पटकसम्म उपस्थिति नभएमा अध्यक्षद्वारा स्पष्टिकरण सोधिनेछ र स्पष्टिकरण दिन आलटाल गरेमा वा सो पश्चात पनि बैठकमा उपस्थित नभएमा अध्यक्षको सिफारिसमा समितिले निजलाई पदमुक्त गर्न सक्नेछ ।

(४) समितिका पदाधिकारी तथा सदस्यहरुले तोकिएको जिम्मेवारी पुरा गर्नुपर्नेछ ।

(५) अस्पतालमा कार्यरत सम्पुर्ण कर्मचारीहरुले तोकिएको जिम्मेवारी अनुसार अनुशासनमा रहि नागरिकहरुलाई सेवा प्रदान गर्नुपर्नेछ ।

(६) अस्पतालमा खटिने कर्मचारीहरुले समय तालिकाअनुसार आफ्नो ड्युटी पुरा गर्नुपर्नेछ । समय तालिकाअनुसार ड्युटी पुरा नगर्ने कर्मचारीहरुको सेवा सुविधा हेरफेर गर्न सकिनेछ ।

(७) अस्पतालमा खटिने जुनसुकै कर्मचारीहरुले पनि सेवाग्राहीप्रति जवाफदेहिता हुनुपर्नेछ ।

(८) कुनै पनि कर्मचारीले सेवाग्राही तथा बिरामीप्रति हेलचक्रयाई गरि कुनै घटना घट्न गएमा त्यसको जिम्मेवारी स्वंयम् कर्मचारी हुनेछ ।

(९) अस्पतालमा कार्यरत कर्मचारीहरुले सेवाग्राही तथा बिरामीहरु प्रति शिष्टाचारको व्यवहार देखाउनु पर्नेछ ।

(१०) अस्पतालमा कार्यरत कर्मचारीहरुले समय र ड्रेसकोडको अनिवार्य पालना गर्नुपर्नेछ ।

(११) कर्मचारीहरुलाई सम्बन्धी ऐन तथा कार्यविधिअनुसार विभागीय कारबाही हुनेछ ।

**१९. <u>पुरस्कार सम्बन्धी व्यवस्था :</u>** (१) अस्पतालमा अनुशासनको दायरामा रहि उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई सामान्यतया वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उत्कृष्ट कर्मचारी छनौट मापदण्ड र पुरस्कृत हुने कर्मचारी र अन्य व्यवस्था समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद-७

## आर्थिक व्यवस्थापन तथा समितिको कोष

**२०. <u>आर्थिक व्यवस्था :</u>** (१) कपुरकोट आधारभूत अस्पतालको आर्थिक व्यवस्थापन गर्न समितिको नाममा एउटा छुटै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमको स्रोतबाट प्राप्त हुने रकम रहनेछ ।

क) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

ख) समितिले प्रदान गरेको सेवा तथा सुविधाबाट प्राप्त रकम,

ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

घ) संघीय सरकारको पूर्व स्वीकृत लिई काम गरिरहेका विदेशी संघ, संस्था वा व्यक्तिबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) कपुरकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैंक खाता अध्यक्ष र प्रशासन प्रमुख वा लेखापालको नाममा संयुक्त दस्तखत रहने गरि हुनेछ ।

(३) अस्पताल संचालन तथा व्यवस्थापनको लागि बजेट अपुग भएमा सो को व्यवस्थापनका लागि कपुरकोट गाउँपालिकालाई अनुरोध गरेमा गाउँपालिको अनुदान उपलब्ध गराउन सक्नेछ ।

(४) अस्पतालको सबै कारोवार बैंक खातामार्फत हुनेछ ।

**२१. <u>लेखा परिक्षण :</u>** अस्पतालको लेखापरीक्षण रजिस्टर्ड लेखापरीक्षकबाट प्रत्येक आर्थिक वर्ष समाप्तिको दुई महिना भित्र गरी प्राप्त बेरुजु बाँकी बक्यौता फर्स्योट गरी सो को प्रतिवेदन अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा पारित गरिनेछ । आन्तरिक लेखा परीक्षण कपुरकोट गाउपालिकाको आ.ले.प. इकाईबाट हुनेछ ।

## परिच्छेद-८

## <u>औषधी तथा अन्य उपकरण खरिद सम्बन्धी व्यवस्था</u>

**२२. <u>औषधी तथा उपकरण खरिद सम्बन्धी व्यवस्थाः</u>** (१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक प्रक्रिया पुरा गरि औषधी तथा उपकरण खरिद गर्न सक्नेछ ।

(२) अस्पतालमा रु. १० लाख सम्मको सामग्री वा परामर्श सेवा खरिद गर्न समितिले गठन गरेको ३ सदस्यीय खरिद समितिले प्रचलित ऐन कानुनअनुसार गर्न सक्नेछ ।

(३) रु. १० लाख भन्दा माथिको खरिद गर्नुपरेमा गाँउपालिकामा माग फाराम भरी अनुरोध गर्नुपर्नेछ ।

## परिच्छेद-९

## <u>विविध</u>

२३. **<u>अस्पतालको समायोजनः</u> कपुरकोट गाउँपालिका**क्षेत्रभित्र १५ शैयाको भन्दा थप स्तर उन्नति सहितको सरकारी अस्पताल संचालन हुन आएमा यो अस्पताललाई समायोजन गर्न सकिनेछ ।

२४. <u>अन्य व्यवस्था :</u>

(१) कपुरकोट आधारभूत अस्पतालको आम्दानी एवं चलअचल सम्पति अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको स्वामित्वमा रहनेछ ।

(२) अस्पताल फार्मेसी संचालन सम्बन्धी छुट्टै निर्देशिका अनुसार संचालन, व्यवस्थापन र नियमन गरिनेछ ।

(३) यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित ऐन, कानुनहरु अनुसार हुनेछ ।

(४) अस्पताललाई प्रविधिमैत्री बनाउन आवश्यक सफ्टवेयर लागु गर्न सकिनेछ ।

(५) अस्पतालमा निजी-सामुदायिक लगानीमार्फत विशेषज्ञ सेवा सञ्चालन गर्न सकिनेछ ।

(६) अस्पतालले एम्बुलेन्स, शव-पोष्टमार्टम लगायतका थप सेवाहरु सञ्चालन गर्न सक्नेछ ।

**२५. <u>संशोधन</u> : यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार कपुरकोट गाउँपालिका गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।**

२६. <u>बाधा अडकाउ फुकाउ :</u> यस कार्यविधिको कार्यान्वयनमा केही जटिलता भएमा गाँउकार्यपालिले बाधा फुकाउन सक्नेछ ।

२७. <u>बचाउ तथा खारेजी :</u> यो कार्यविधि प्रचलित संविधान, ऐन, नियमसँग बाँझिन गएमा सो बाँझिएको हदसम्म लागु हुने छैन ।

## अनुसूचि-१

## कपुरकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको छाप

छापको माथि नेपालको **निसाना छाप** र तल पट्टी **कपुरकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति** लेखिएको र सो को तल संस्थाको ठेगाना **कपुरकोट, सल्यान, कर्णाली प्रदेश, नेपाल** र स्थापना साल **२०८०** लेखिएको हुनेछ ।

............................

आज्ञाले

भरत कुमार वली

प्रमुख प्रशासकिय अधिकृत